<u>आकाशवाणी</u>

August 7th, 2025

प्रमुख समाचार:

- प्रधानमन्त्री नरेन्द्र मोदीले भारतले आफ्ना किसानहरूमा हितका साथ कहिले सम्झौता न गर्ने भन्नुभएकोछ।
- राष्ट्रीय जनतांत्रिक गठबन्धन एनडिएले प्रधानमन्त्री नरेन्द्र मोदी र राज्यसभामा सदनका नेता जगत प्रकाश नड्डालाई गठबन्धनको उपराष्टपति पदका उम्मेदवार को चयनका लागि अधिकृत गर्नेछ।
- निर्वाचन आयोगले उपराष्ट्रपति चुनावका लागि नामांकन दर्ता गर्ने संबधी अधिसुचना जारी गरेकोछ।
- सरकारले नागरिकहरूलाई राष्ट्रीय ध्वज बारे जागरूकता बढ़ाउनसित संबधित राष्ट्रीय स्तरका online gluming प्रतियोगितामा लिनु भनि आमंत्रित गरकोछ।
- देशले आज भारतको समृद्ध हथकरधा विरासतलाई संरक्षित गर्नका लागि एघारौं राष्ट्रीय हतकर्धा दिवसको पालन गरेकोछ।

## प्रधानमन्त्री – शताब्दी सम्मेलन

प्रधानमन्त्री नरेन्द्र मोदीले भन्नुभएकोछ, भारतले आफ्ना किसानहरूका हितका साथ कहिले पनि सम्झौता गर्ने छैन। नयाँ दिल्लीमा एम. एस स्वामीनाथन शताब्दी अन्तर्राष्ट्रीय सम्मेलनलाई सम्बोधित गर्दै श्री मोदीले भन्नुभयो, सरकारले किसानहरूको आय बढ़ाउनु अनि खेतीमा खर्च कम गर्नका लागि निरन्तर प्रयास गरि रहेकोछ।
श्री मोदीले भन्नुभयो डॉ स्वामीनाथनले भारतलाई खाद्य उत्पादनमा आत्मनिर्भर बनाउने आन्दोलनको नेतृत्व गरेका थिए।

## एनडिए- उपराष्ट्रपति बैठक

राष्ट्रीय जनतांत्रिक गठबन्धन एनडिएले प्रधानमन्त्री नरेन्द्र मोदी र राज्यसभामा सदनका नेता जगत प्रकाश नड्डालाई गठबन्धनको उपराष्ट्रपति पदका उम्मेदवारको चयको लागि अधिकृत गरिएकोछ। संसदीय कार्य मन्त्री किरेन रिजिजूले सम्वाददाताहरूलाई सम्बोधित गर्दै आज संसद परिसरमा भएको एनडिए संसदीय दलका नेताहरूको बैठकमा सर्वसम्मत्तिले सो निर्णय लिईयो।

## निर्वाचन आयोग- उपराष्ट्रपति अधिसूचना

निर्वाचन आयोगले आज उपराष्ट्रपति चुनावका लागि नामांकन दर्ता गर्ने संबधी अधिसूचना जारी गरेकोछ। उपराष्ट्रपति पदका लागि यो महिनाको २१ तारीख सम्म नामंकन दर्ता गर्न सकिन्छन् भने चुनाव ९ सेप्टेम्बरका दिन हुनेछ।

## संसद स्थगित

लोकसभा र राज्यसभाको कार्यवाही आज चौंथो दिन पनि बिहारमा आयोजित विशेष शहन पुनरीक्षण तथा अन्य मुद्दाहरूमा विपक्षको हंगामाले गर्दा बाधित रह्यों। दुवै सदनहरूको कार्यवाही दिनभरिका लागि स्थगित गरियो। लोकसभाले आज मणिपुर वस्तु तथा सेवा कर संशोधन विधेयक ,२०२५ पारित गर्यो। वित्त मंत्री निर्मला सीतारामनले भन्नुभएकोछ, यस विधेयकले त्यो अध्यादेशको ठाँउ लिनेछ जसलाई राज्यमा राष्ट्रपति शासन लागू भएको कारण ल्याइएको थियो। संसदले आज राज्यसभाको मंजूरीका साथ तटीप नौवहन विधेयक २०२५ पारित गरेकोछ। लोकसभाले पहिले नौ यसलाई पारित गरेकोछ। यस विधेयकको उद्देश्य तटीप नौवहनको विनियमन, तटीय व्यापारलाई बढ़ावा दिनु अनि घरेलु भागीदारीलाई प्रोत्साहन दिनुसित संबधित कानूनलाई संशोधित गर्न अनि दरिलो बनाउन रहेकोछ।

## गुजरात –हर घर तिरंगा

उनासीऔं स्वाधीनता दिवसको अवसरमा भोलि देखि १५ अगस्त सम्म गुजरातले हर घर स्वच्छता अभियानको थालनी गर्नेछ। खेल तथा युवा कार्यक्रम राज्य मन्त्री हर्ष सांधवीले बताउनुभएकोछ, यस अभियानमा राज्य भरिमा भव्य तिरंगा यात्रा, स्वच्छता रैली अनि कैयन देशभक्ति कार्यक्रमहरू आयोजित गरिनेछन् साता भरि चल्ने यस अभियानको बेला राज्यका सबै घर पसल कार्यलय अनि सार्वजनिक स्थलहरूमा राष्ट्रीय ध्वज फहराउने आग्रह गरिनेछ।

## हथकरधा दिवस

देशले आज भारतको समृद्ध हातले बुनेको कपड़ा अथवा हथकरधा विरासतलाई संरक्षित गर्नका लागि एघारौं राष्ट्रीय हथकरधा दिवसको पालन गरि रहेको छ। सात अगस्त 1905 का दिन शुरूभएको  ऐतिहासिक स्वदेशी आन्दोलनको भावनालाई अघाढ़ी बढ़ाउन भनि यो दिवस मनाइन्दैछ। यस अभियानमा मुख्य रूपले ब्रिटिश सरकारको प्रतिकारको तवरमा स्वदेशी  उद्योगहरू विशेषगरि हतकारधा उद्योगलाई बढ़ावा दिइयो। केन्द्रिय कपड़ा मन्त्री गिरीराज सिंहले आज नयाँ दिल्लीमा सन्त कबीर हथकरधा पुरस्कार तथा राष्ट्रीय हतकरथा पुरस्कार -2025 प्रदान गर्नुभयो। यी पुरस्कारहरूको उद्देश्य, यस क्षेत्रमा उल्लेखनीय योगदान दिने बुनकर,कर्मीहरू र उत्पादक कम्पनीहरूका प्रयासलाई प्रदान गर्नु हो। एघारौं हथकरधा दिवसको अवसरमा आज श्री सिंहले भन्नुभयो, वर्तमान समयमा विश्वभरिमा गुणस्तरीय वस्त्रहरूको माग रहेकोछ अनि भारतीय हतकरधा उद्योगले यस आवश्यकतालाई पूरा गरि रहेकोछ।

## प्रधानमन्त्री हथकरधा दिवस

प्रधानमन्त्री नरेन्द्र मोदीले राष्ट्रीय हथकरधा दिवसको अवसरमा आज देशवासीहरूलाई शुभकामना दिनुभएकोछ। सोशल मीडियामा एउटा पोस्टमा श्री मोदीले भन्नुभयो, यो दिन, भारतको समृद्ध बुनाई परम्पराहरूको उत्सव मनाउने दिन हो जसले नागरिकहरूको रचनात्मकतालाई प्रद्रर्शित गर्दछ। प्रधानमन्त्रीले भारतको हथकरधा विविधता अनि आजीवका एवम् समृद्धिलाई बढ़ावा दिनुमा यसको भूमिकाबारे गर्व व्यक्त गर्नुभयो।

## एनएसए राष्ट्र

राष्ट्रीय सुरक्षा सल्लाहकार अजीत डोभालले आज मस्कोमा रूसी सुरक्षा परिषदका प्रमुख सर्गेई सोईसुसित भेट गर्नुभयो। श्री डोभालले भन्नुभयो भारतको रूसका साथ प्रगाढ़ र दीर्घकालिक संबध छ र भारतले यस संबधलाई महत्व दिन्छ। राष्ट्रीय सुरक्षा सल्लाहकारले रूसी राष्ट्रपति पुतिन चाँढ़ै भारत आउनु हुने अनि उहाँको यात्राको मितिहरू लगभग पूरा भई सकेको भन्नुभयो।